**प्यूठान नगरपालिकाको दशौ नगरसभामा आ.व. २०७८/७९ को लागि प्रस्तुत**

# बजेट तथा कार्यक्रम

आदरणीय सभाध्यक्ष तथा सभा सदस्य ज्यूहरु,

कोभिड १९ को दोस्रो लहरको विषम परिस्थिती सामना गरिरहेकै बेला यो कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा हाम्रा सम्पूर्ण प्रयत्न तथा ध्यानहरु कोभिड १९ रोकथाम तथा नियन्त्रण तर्फ केन्द्रित भएका छन्। जीवन रहे सबै रहन्छ भन्ने हाम्रो प्रमुख उद्देश्यलाई आत्मसात गर्दै हाम्रा सबै स्रोत साधनहरुलाई त्यस तर्फ केन्द्रित गरिरहेका छौ। कुनै पनि नगरबासीको कोभिड १९ को कारण अकालमै मृत्यु नहोस् भन्ने चाहना हुँदा हुँदै १८ जना नगरबासीहरुको कोभिडको कारण असमायिक निधनले हामीलाई स्तब्ध बनाएको छ। उहाहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु।राज्य पुनर्संरचना पश्चात् सिंहदरबारको अधिकार गाउँमा भन्ने मूल मर्मलाई आत्मसात गर्दै प्रथम पटक निर्वाचित हामी प्रतिनिधीहरुको कार्यकाल ४ वर्ष व्यतित भइसकेको छ। यस अवधिमा स्थानीय तहलाई संस्थागत रुपमा सवल बनाउन तथा प्राप्त स्रोत र साधनलाई अधिकतम रुपमा नगरबासीको अपेक्षा अनुरुप विकासका आयामहरुमा केन्द्रित गर्न प्रयत्न गऱ्यौ। जसबाट समृद्ध नगर सुखी नगरबासीको अभियानलाई टेवा पुगेको छ भन्ने अपेक्षा लिएको छु। यस ४ वर्षको कार्यकालमा गरिएका समग्र कार्यहरुको नगरबासी तथा सरोकारवाला सबैले समीक्षा गरि रचनात्मक सुझावको अपेक्षा लिएको छु।नगरपालिकाका १० वटै वडा र बस्ती बस्तीमा सडक सञ्जाल जोडिएको छ। खानेपानीको आधारभूत सेवाबाट ९५% नगरबासी लाभान्वित हुनु भएको छ। नगरका दुर्गम बस्तीहरुमा समेत विद्युतको पहुँच पुगेको छ। नगरका ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा अन्य पर्यटकीय स्थलहरुको पूर्वाधारहरु खडा भई आन्तरिक पर्यटक आउने क्रम बढेको छ। कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, सामूहिक खेती तर्फ उन्मुख, यान्त्रीकरण, प्रविधी हस्तान्तरण भई उत्पादनमा बृद्धि भइ किसानहरुको जीवनस्तरमा सुधार आएको छ। पशुपालनलाई व्यवसायिकता तथा मुख्य आयस्रोतको रुपमा स्थापित गरि बाख्रा पकेट क्षेत्र, गाइ भैसी पकेट क्षेत्रको रुपमा विकास गरि दुग्धजन्य पदार्थ तथा मासुजन्य पदार्थमा आत्मनिर्भरता तर्फ उन्मुख भएको छ। सामाजिक संरक्षणका लागि लक्षित वर्गहरुका लागि लिइएका नीतिहरुका कारण सकारात्मक सूचकहरु देखा परेका छन्। संघ, प्रदेश सरकार र नगरपालिकाको संयुक्त अभियानमा पूर्वाधारका विशेष कार्यक्रमहरु तथा खरका छानाहरु विस्थापित गर्ने कार्यले सफलता प्राप्त गरिरहेको छ। न्यायिक समिती मार्फत मेलमिलापको विधीद्वारा समस्याहरु निरुपण गर्न सफल भएका छौ। लघु उद्यम व्यवसायका माध्यमबाट र प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री ग्रामीण तथा रोजगार कार्यक्रम अन्तर्गत रोजगारको सृजना गरि न्युनतम रोजगारको प्रत्याभुत गरिएको छ।

स्थानीय तहलाई संघ प्रदेशबाट प्राप्त हुने अनुदान अपेक्षाकृत रुपमा निकै न्युन देखिन्छ। हाम्रो जस्तो पहाडी जिल्लामा रहेको यस नगरपालिकाको आन्तरिक राजश्व परिचालन र संकलन निकै कमजोर अवस्थामा रहेको छ। यिनै बाध्यात्मक परिस्थितिबाट प्राप्त सीमित स्रोत र साधनलाई अधिकतम रुपमा विकास निर्माण मार्फत नगरबासीमा सकारात्मक परिवर्तको अनुभुति दिलाउन प्रयासरत छौं। नगर प्रमुख तथा यस सभाका अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको नीतिहरुलाई तथा संघ र प्रदेशबाट प्राप्त निर्देशनहरुलाई पालना गर्दै बजेटका अनुशासनहरुलाई ध्यान दिइ आ.व. २०७८/७९ को बजेट तथा कार्यक्रम बस्तुपरक तथा यथार्थपरक ढंगले प्रस्तुत गर्ने अनुमती चाहन्छु।

आदरणीय सभाध्यक्ष तथा सभाका सदस्य ज्यूहरु अब म आर्थिक वर्ष २०७८/७९ को प्रस्ताबित बजेट तथा कार्यक्रम संक्षिप्तमा प्रस्तुत गर्ने अनुमती चाहन्छु। यस आर्थिक वर्षमा राजश्व परामर्श समिती र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितीको सिफारिसको आधारमा कुल ७७ करोड १ लाख २१ हजार ५८२ बराबरको बजेट प्रस्तुत गर्दछु।

यस आ.व.मा हुने आयको विवरण यस **दशौ नगरसभा**मा यस प्रकार प्रस्तुत गर्दछु।

**१. संघिय सरकारको तर्फबाट प्राप्त**

- समानीकरण अनुदान तर्फ - १२ करोड ८६ लाख
- राजश्व बाडफाड (अनुमानित) - ९ करोड ४३ लाख १६ हजार
- समपुरक अनुदान तर्फ (कार्यक्रम सहित) - ३७ लाख
- विशेष अनुदान तर्फ (कार्यक्रम सहित) - २ करोड ८ लाख
- शसर्त अनुदान (कार्यक्रम सहित) - २७ करोड ७३ लाख
- सामाजिक सुरक्षा भत्ता (अनुमानित) - १६ करोड २० लाख

**जम्मा - ६८ करोड ६७ लाख १६ हजार**

**२. प्रदेश सरकारको तर्फबाट प्राप्त**

- समानीकरण अनुदान तर्फ - ६० लाख ७६ हजार
- राजश्व बाडफाड (अनुमानित) - १ करोड ३४ लाख १४ हजार २४१
- शसर्त अनुदान (कार्यक्रम सहित) - ३ करोड ८५ लाख ४४ हजार

**जम्मा - ५ करोड ८० लाख ३४ हजार २४१**

**३. नगरपालिकाको आन्तरिक राजश्व अनुमान तर्फ - २ करोड ४४ लाख २० हजार**

**४. गै.स.सं तर्फ - ९ लाख ५१ हजार ३ सय ४१**

**कुल जम्मा - ७७ करोड १ लाख २१ हजार ५८२**

**यस आर्थिक वर्षमा हुने व्ययको प्रस्तावित विवरण यस प्रकार प्रस्तुत गर्न चाहन्छुः**

## पूर्वाधार विकास समिती

प्यूठान नगरपालिकाको विकास क्षेत्रको मुख्य आधारको रुपमा रहेको पुर्वाधार विकास आफैमा सीमित श्रोत र साधनका कारण अपेक्षित रुपमा पूर्ण हुन सकेको छैन। बजेट अभाव, आवश्यक साधन पर्याप्त नहुनु, उन्नत खालका प्रयोगशाला तथा सफ्टवेयरहरुको अभावका कारण आयोजनाहरुको गुणस्तर दिगोपना र प्रभावकारी कार्यान्वयनमा समस्या देखिएका छन्। दक्ष जनशक्तिको अभाव, आवश्यक मापदण्ड पालना हुन नसक्नु, उपभोक्तामा अपनत्व नहुनु, आवश्यक जनसहभागिता नजुट्नु जस्ता कार्यले योजनाको दिगोपनामा कठिनाई उत्पन्न भएको छ। स्थानीय तहमा परिणाममुखी भन्दा पनि परिमाणमुखी अवधारणा हावी हँदै आयोजनाहरु सञ्चालन भइरहेका छन्। सबै आयोजनाहरुको बिस्तृत सम्भाव्यता अध्ययन नहुनु, इस्टिमेट अनुसार बजेट हुनुपर्नेमा बजेट अनुसार इस्टिमेट गर्नु पर्ने बाध्यात्मक परिस्थिती, टुक्रे आयोजनाहरुको छनोट, प्रतिफल र परिणाममुखी आयोजनाहरुको विश्लेषण नभई प्राथमिकतामा नपर्नु, प्राथमिकताका आधारमा योजना छनोट नहुनु, आयोजनाहरु वातावरण मैत्री नबन्नु, एकीकृत नगर विकास गुरु योजना पालना नहुनु जस्ता कार्यले नगरपालिकाद्वारा सञ्चालन गरिएका गरिने योजनाहरुको दिगोपना र गुणस्तर कायम हुन नसकेको देखिन्छ। आ.व. २०७८/७९ मा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु माथि उल्लेखित समस्याहरुलाई न्यूनिकरण गर्दै सफल रुपमा सञ्चालन हुनेछन् भन्ने अपेक्षा लिएको छु।

१. प्यूठान नगरपालिकाको जुम्रीकाढा पूर्णगाउँ खानेपानी, विषमुरे खानेपानी योजना स्किम नं २, माझकोट भित्रीकोट खानेपानी योजना, घुर्चौनी सापडाडा खानेपानी योजना, ठूलासिम आय व्यय गरि गाउँ खानेपानी योजना, थापडाडा कार्कीडाडा खानेपानी योजना, मरन्ठाना कोट लिफ्ट खानेपानी योजना लगायत अन्य खानेपानी योजना सम्पन्न गर्नका लागि खानेपानी तथा सरसफाई तर्फ संघ तथा प्रदेश सरकारको खानेपानी सञ्चालनको लागि संघ र प्रदेश तथा नगरपालिकाको समपुरक कोष गरि जम्मा रु. ३ करोड ७४ लाख प्रस्ताव गरेको छु। जसबाट २०० घरधुरीहरु प्रत्यक्ष लाभान्वित भई स्वच्छ खानेपानीको सुविधाको पहुँचमा रहने छन्। नगरपालिकाका बाकी खानेपानी योजनाहरुलाई pipeline मा राखी बिस्तारै प्राथमिकताको आधारमा कार्यान्वयन लगिने छ।

२. नगरपालिकाको १० वटै वडाहरुमा यातायातको पहुँच पुऱ्याउन, बस्ती बस्तीभित्र सडक बिस्तार गर्ने, सडकको स्तरोन्नति गर्ने, मर्मत सम्भार गर्ने नीति अनुरुप सडक निर्माण तथा मर्मत सम्भार तर्फ प्रदेश र नगरपालिकाबाट रु. ६० लाख प्रस्ताव गरेको छु।

३. नगरपालिकाको प्रशासनिक भवनको संरचनालाई बिस्तार गर्ने, वडा कार्यालय भवन निर्माण गर्ने, सामुदायिक भवन, स्वास्थ्य चौकी निर्माणको लागि संघ सरकार र प्रदेश सरकारसंग अनुरोध गर्ने र सभा हल निर्माण यसै आ.ब. २०७८/७९ मा निर्माण गरिने छ ।

४. नगरपालिकाको कृषि उत्पादन क्षेत्रलाई सिंचाई सुविधा बिस्तार गरि कृषि उत्पादनलाई बृद्धि गर्न संघ, प्रदेश तथा नगरपालिकाबाट सिंचाइ तर्फ रु.४० लाख/संघ प्रस्ताव गरेको छु। नगरपालिकाभित्रका गोर्खे, क्वाडी, रानी, उपार्दो, विकासे, नौकुलो जस्ता ठूला नहरहरुलाई विषयगत कार्यालयसंग समन्वय गरि स्तरोन्नति गरिने छ।

५. प्यूठान नगरपालिका क्षेत्रभित्र पर्ने लुङ्ग खोला, झिम्रुक, माडी जस्ता ठूला नदीहरु र जुम्रीखोला, चुदरीखोला, खप्रेङ्गखोला र अन्य खहरे खोलाहरुमा आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गरि जोखिम यात्रालाई कम गर्न ४ झोलुङ्गे पुल निर्माण कार्यक्रम तर्फ रु.४० लाख प्रस्ताव गरेको छु।

६. झिम्रुक फाटको अव्यवस्थित बस्ती विकासलाई नियन्त्रण गर्न, व्यवस्थित बस्ती विकास गर्न, आधुनिक शहरको रुपमा विकास गर्ने उद्देश्यले संघ, प्रदेश र नगरपालिकाको पहलमा प्यूठान नगरपालिका वडा नं ५ को ठूलोगाउँ जुम्रीकाढामा वडा नं १,२ र ३ रातामाटादेखि बेलुवासम्मको बस्तीलाई नमुना बस्ती विकासको DPR तयार भएको र वडा नं १ को खैरा, ५ को ढुङ्गेठाटी, ४ को टारी, ७ को टिकुरी पुण्यखोला, ८ को बाग्दुला दम्ती, ९ को गुरीगाउँ मजुवा ठूलासिम र १० को खरीबोट बजारलाई नमुना बस्ती विकासको लागि DPR लगायत आवश्यक बजेटको लागि संघ सरकार र प्रदेश सरकारसंग अनुरोध गर्दछु।

७. प्यूठान नगरपालिकाकै पर्यटनतर्फका गौरवको रुपमा रहेका ऐतिहासिक भित्रीकोट दरबार, झुलेनी पर्यटन क्षेत्र, बाइसधारा, दाखाकोट, खैराकोट, मरन्ठानाकोट, लिस्ने हिल स्टेशन, शहिदपार्क, कालिका मन्दिर जस्ता पर्यटकीय तथा साँस्कृतिक महत्वका क्षेत्र तथा संरचनालाई मुख्य आय स्रोतको रुपमा लिई नगरको पहिचानसंग जोड्ने र गोतामे देवस्थल, डल्ले सरायँ, शिद्ध गुफा लगायत अन्य मठ मन्दिर निर्माण, संरक्षण तथा बिस्तार गर्ने नीति अन्तर्गत पर्यटन तर्फ रु. १५ लाख प्रस्ताव गरेको छु।

८. सरकारको एक स्थानीय तह एक खेलकुद मैदानको नीतिसंग जोडिने गरि प्यूठान नगरपालिका वडा नं ४ मा रहेको खेलकुद मैदानलाई जिल्लाभरिकै आकर्षक र राष्ट्रिय स्तरको खेलकुद मैदानको रुपमा विकास गरिने छ। प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा निर्मित वडा नं ५ को खेलकुद मैदान, वडा नं २ को खेलकुद मैदानलाई वडास्तरीय खेलकुद मैदानको रुपमा विकास

गरि सोहि बमोजिम स्तरोन्नती गरिने छ भने बाँकी प्रत्येक वडामा वडास्तरीय खेलकुद मैदान गर्ने नीति लिइएको छ। सो अन्तर्गत खेलकुद विकास तर्फ आवश्यक वजेट व्यवस्था गरेको छु।

९. नगर क्षेत्रभित्रका खरका छाना विस्थापित गर्ने अभियानमा हालसम्म १३३० घरधुरीमा जनता आवास कार्यक्रम मार्फत खरका छाना विस्थापित गरिएको छ भने सो कार्यक्रमलाई निरन्तरता प्रदेश सरकारबाट रु ५० लाख र नगरपालिकाबाट समपूरक कोक्षबाट रु. ५० लाख गरि जम्मा रु १ करोड प्रस्ताव गरिएको छ।खरको छाना विस्थापित गर्ने कार्यक्रम यसै आ.व.मा सम्पन्न गरिने छ।

**नगरपालिकाको समग्र पूर्वाधार विकास समिती तर्फ जम्मा रु. ७ करोड १२ लाख र वडा कार्यालयका पूर्वाधार तर्फ रु. २ करोड ९८ लाख ५१ हजार ४ सय गरि जम्मा रु. १० करोड १० लाख ५१ हजार ४ सय प्रस्ताव गरेको छु ।**

## सामाजिक विकास समिती तर्फ

१.शिक्षा विकासको महत्वपूर्ण अङ्ग हो। शिक्षित नगरबासी नभएसम्म नगरको मानवीय सभ्यता र शुसासन अधुरो हुने  भएकोले साक्षर नगरपालिका घोषणा भएता पनि शिक्षालाई गुणस्तर, भरपर्दो, व्यवसायिक सर्वशुलभ र प्रत्येक नगरबासीको घरघरमा पुऱ्याउन, शिक्षा आर्जनमा कुनै पनि नगरबासी बालबालिका बञ्चीत नहुन, उच्च शैक्षिक अनुभव हासिल गर्न नगरपालिकाको सम्पूर्ण ध्यान केन्द्रित भएको छ। निशुल्क शिक्षा ( भर्ना ) अन्तर्गत रु. ७५ लाख शिक्षामा गुणस्तर ल्याउन थप शिक्षक व्यवस्थापनको लागि रु. ३ करोड ४ लाख ७ हजार दिवा खाजा, सबै छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलब्ध, बालबिकास केन्द्र, आधारभुत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको न्युनतम तलबमानमा बृद्धि गरि समय अनुकुल बनाएको छ। दुर्गम तथा विद्यार्थी संख्याको आधारमा ११ बाल विकास केन्द्र, २ आधारभुत वैकल्पिक विद्यालय थप गरि सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइएको छ। १ विद्यालयलाई मा.वि. सञ्चालन र १ नि.मा.वि. सञ्चालनको लागि अनुमती दिइएको छ भने सो बमोजिम जनशक्ति थप गरिएको छ। **शिक्षा विकास नगरपालिका तर्फ रु. ४ करोड १५ लाख र शसर्त अनुदान तर्फ रु. २० करोड  ३९ लाख गरि गरि जम्मा २४ करोड ५४ लाख प्रस्ताव गरेको छु ।**

२. विश्वलाई नै महामारीबाट प्रभावित तुल्याएको कोभिड १९ का कारण हाम्रो स्थानीय तह पनि प्रभावित हुन पुग्यो। प्रथम चरण तथा दोस्रो चरणको कोरोनाका कारण ठूलो धनजनको क्षति हुन पुगेको यस विषम परिस्थितीमा हाम्रा अधिकतम प्रयासहरु कोभिड १९ नियन्त्रण तर्फ केन्द्रित गर्नु परेको छ र स्वास्थ्य क्षेत्रमा ठूलो लगानी गर्नु परेको छ। स्वास्थ्य क्षेत्रका संरचनाको निर्माण,

सुधार, आधुनिकीकरण, जनशक्तिको व्यवस्थापन लगायतका कार्यको लागि नगरबासीको जीवन रक्षा नै पहिलो कर्तव्य हो भनि संघ, प्रदेश सरकार, नगरपालिका र अन्य संघ संस्थाको संयुक्त पहलमा त्यसतर्फ कार्यहरु भइरहेका छन्। संघ सरकारबाट अक्सीजन पलान्ट स्थापनाको लागि रु १ करोड ५० लाख, ५० सैयाको अस्पताल बिस्तार अन्तर्गत DPR तयारी, जिल्लाकै आइसोलेसन केन्द्र स्थापना र सञ्चालन, ६ ओटा स्वास्थ्य क्लिनिक, ४ ओटा आधारभुत स्वास्थ्य खोप केन्द्रको स्थापना, २ ओटा शहरी स्वास्थ्य केन्द्र, ४१ ओटा स्वास्थ्य खोप केन्द्र, २३ ओटा गाउँ घर क्लिनिक, ६९ ओटा स्वास्थ्य आमा समूहको व्यवस्थापन तथा परिचालन, सापडाडा हेल्थपोष्टमा स्वास्थ्य प्रयोगशाला स्थापना, जनशक्तिको उचित व्यवस्थापन, सर्वसुलभ औषधी वितरण, सुत्केरीसंग नगरपालिका, स्वयंसेविकाको प्रोत्साहन भत्ता, ज्येष्ठ नागरिक निशुल्क आखाँ उपचार, ६० वर्ष भन्दा माथिका नगरबासीलाई घरमै चेकजाचँ तथा औषधी वितरण जस्ता कार्यक्रम सञ्चालनका लागि **स्वास्थ्य तर्फ न.पा. बाट रु. ५७ लाख र शसर्त तर्फ रु.३ करोड ३६ लाख गरि जम्मा रु.३ करोड ९३ लाख प्रस्ताव गरेको छु।**

३. नगर क्षेत्रभित्र रहेका लक्षित वर्ग अन्तर्गत महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, संस्थाहरुलाई विकासको मूल प्रवाहमा समाहित गरि तथ्यपरक ढंगले सबै क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने, महिलाहरुलाई नीति निर्माणमा सहभागिता, शिपमूलक, आयमूलक तथा सबै क्षेत्रबाट शसक्त बनाउन कार्यक्रमहरु सञ्चालन गर्न रु.१० लाख ५० हजार जन्मजात बालबालिकाको प्रोत्साहन स्वरुप बाल वचत कोष, सुत्केरीसंग नगरपालिका, बाल सञ्जाललाई सशक्तिकरण, बालबालिका प्रति हुने विभेद, कानुनले प्रत्याभुत गरेका विषयहरु तथा बालबालिकाको समग्र क्षेत्रमा कार्यक्रम सञ्चालन तर्फ रु.१५ लाख ६० हजार ज्येष्ठ नागरिकको निशुल्क आखाँ उपचार, ज्येष्ठ नागरिक सम्मान, ज्येष्ठ नागरिक भ्रमण तथा ज्येष्ठ नागरिकका सम्पूर्ण कार्यक्रम सञ्चालनका लागि रु.६ लाख १० हजार र भिन्न क्षमता भएका नगरभित्रका सम्पूर्ण अपाङ्गहरुको सशक्तिकरण, क्षमता विकास, पूर्वाधार सहयोग तथा 'ग' र 'घ' वर्गका अपाङ्गता भएकाको लागि थप अपाङ्ग भत्ता उपलब्ध गराउने नीति अनुरुप अपाङ्गता कार्यक्रम सञ्चालन तर्फ रु.२५ लाख ७० हजार प्रस्ताव गरेको छु साथै नगरक्षेत्रका सबै दर्ता भएका सहकारीहरुलाई सवल, सक्षम र आत्मनिर्भर तथा स्वावलम्बन तर्फ उन्मुख बनाउन सहकारी शिक्षा, तालिम, सहकारीलाई सफ्टवेयर तथा हार्डवेयर सहयोग, पूर्वाधार सहयोग, सहकारी अभिलेखीकरण, उत्पादनमूलक क्षेत्रमा लगानी जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। **लक्षित तर्फ नगरपालिकाबाट रु. ५७ लाख ९० हजार र शसर्त तर्फ रु.१००००० गरि जम्मा रु.५८ लाख ९० हजार प्रस्ताव गरेको छु।**

४. नगरपालिकाको घटना अभिलेखीकरण तथा तथ्याङ्क संकलन कार्यलाई एम.आई.एस. सिस्टम प्रणालीबाट व्यवस्थित र भरपर्दो रुपमा सञ्चलान गर्न घटना दर्ता शिविर सञ्चालन एम.आई.एस.

जनशक्ति परिचालन र तालिम तथा क्षमता विकासको लागि **तथ्याङ्क प्रणाली एम.आई.एस. तर्फ रु. १९ लाख बजेट प्रस्ताव गरेको छु।**

५. सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत **प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यविधी बमोजिम कामका लागि पारिश्रमिक शसर्त अनुदान रु. ९५ लाख ७७ हजार, जनशक्ति व्यवस्थापनको लागि १७ लाख २३ हजार गरि जम्मा रु. १ करोड १३ लाख प्रस्ताव गरेको छु** जसबाट १८० जनालाई न्यूनतम १०० दिनको लागि श्रम रोजगारमा आबद्ध गराइनेछ।

६. **मुख्यमन्त्री ग्रामीण तथा रोजगार विकास कार्यक्रम अन्तर्गत कार्यबिधी बमोजिम कार्यक्रम सञ्चालनका लागि रु. ७० लाख प्रस्ताव गरेको छु।**

७. प्यूठान नगरपालिका क्षेत्रभित्र परिचालित विभिन्न गैन्ह सरकारी संस्थाहरु मार्फत संस्थागत शसक्तिकरण, सामाजिक परिचालन तथा अन्य घोषित कार्यक्रम सञ्चालनको लागि स्थानीय सरकारको पोषणप्रतिको प्रतिबद्धता र स्थानीय श्रोतको परिचालन कार्यक्रम सञ्चालनको लागि **मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रद्वारा कार्यक्रम सञ्चालन गर्नको लागि रु. ९ लाख ५१ हजार ३ सय ४१** र फूलबारी एकीकृत ग्रामीण विकास संस्थाबाट नेपाल जिविकोपार्जन तथा उत्थानशिल परियोजना अन्तर्गत साना किसानका लागि एकीकृत शत्रुजिव व्यवस्थापन (NLRP/IPM) कार्यक्रम सञ्चालन गर्न प्राप्त कार्यक्रमहरुलाई स्वीकृत गर्ने प्रस्ताव गरेको छु।

**सामाजिक विकास समिती तर्फ(शिक्षा, स्वास्थ्य, लक्षित वर्ग, रोजगार) जम्मा रु. ३१ करोड १७ लाख ४१ हजार ३४१ र वडा कार्यालयहरुबाट रु. २७ लाख ८० हजार ४ सय गरि जम्मा रु.३१ करोड ४५ लाख २१ हजार ७ सय ४१ प्रस्ताव गरेको छु।**

## आर्थिक विकास समिती तर्फ

१. नगरपालिकाको कृषि उत्पादन क्षेत्रलाई सिंचाई सुविधा बिस्तार गरि कृषि उत्पादनलाई बृद्धि गर्न संघ, प्रदेश तथा नगरपालिकाबाट सिंचाइ तर्फ आवश्यक बजेटको व्यवस्था गरेको छु। नगरपालिकाभित्रका गोर्खे, क्वाडी, रानी, उपार्दो, विकासे, नौकुलो जस्ता ठूला नहरहरुलाई विषयगत कार्यालयसंग समन्वय गरि स्तरोन्नति गरिने छ।

२. प्यूठान नगरपालिकाकै पर्यटनतर्फका गौरवको रुपमा रहेका ऐतिहासिक भित्रीकोट दरबार, झुलेनी पर्यटन क्षेत्र, बाइसधारा, दाखाकोट, खैराकोट, मरन्ठानाकोट, लिस्ने हिल स्टेशन, शहिदपार्क, कालिका मन्दिर जस्ता पर्यटकीय तथा साँस्कृतिक महत्वका क्षेत्र तथा संरचनालाई मुख्य आय स्रोतको रुपमा लिई नगरको पहिचानसंग जोड्ने र गोतामे देवस्थल, डल्ले सरायँ, शिद्ध गुफा लगायत अन्य मठ मन्दिर निर्माण, संरक्षण तथा बिस्तार गर्ने नीति अनुरुप **पर्यटन प्रवर्द्धन तर्फ रु १५ लाख प्रस्ताव गरेको छु।**

३. नगरको विकासको महत्वपूर्ण क्षेत्र कृषि मानिन्छ। संघिय सरकार, प्रदेश सरकार र नगरपालिका तथा सम्बद्ध कार्यालयको कृषिमा आधुनिकीकरण, रोग नियन्त्रण, उत्पादनमा जोड, सामुहिक खेती, उन्नत बीउ विजन, सर्वसुलभ विउमल उपलब्धता र कृषि क्षेत्रमा व्यवसायीकरण, बजारको व्यवस्थापनलाई उत्पादन र आय आर्जनतर्फ उन्मुख बनाउन कृषि पकेट क्षेत्र, पशु पकेट क्षेत्र, माटो परिक्षण कार्यक्रम, एक वडा एक कृषि प्राविधीक बास्तविक उत्पादनका आधारभूत कृषि अनुदानको व्यवस्था तथा एक वडा एक उत्पादन, शित भण्डार, व्यवस्थित कृषि संकलन केन्द्र, कृषि तथ्याङ्क संकलन, किसान सूचीकरण अभियान तथा कृषिजन्य संरचनाहरुलाई बिस्तारको आवश्यक बजेटको व्यवस्था गरेको छु। कृषि र पशु सेवातर्फ संघ तथा प्रदेश सरकारको सहयोगमा पकेट क्षेत्र तथा Block क्षेत्र अन्तर्गत विशेष कार्यक्रम सञ्चालन गरिने छ। प्रदेश सरकार र नगरपालिकाको संयुक्त साझेदारीमा प्यूठान नगरपालिका वडा नं ९ मा स्मार्ट कृषि कार्यक्रम सञ्चालनको लागि रु २५ लाख समपुरक अनुदानको व्यवस्था गरेको छु। **कृषि सेवाको कार्यक्रम सञ्चालनको लागि जम्मा नगरपालिका तर्फ रु. ९५ लाख र संघिय र प्रदेश शसर्त तर्फ रु. १ करोड ९ लाख ४४ हजार गरि जम्मा रु. २ करोड ४ लाख ४४ हजार प्रस्ताव गरेको छु।**

४. नगरको विकासको महत्वपूर्ण क्षेत्र पशु पालन पनि हो। संघिय सरकार, प्रदेश सरकार र नगरपालिका तथा सम्बद्ध कार्यालयको कृषि र पशु पालनमा आधुनिकीकरण रोग नियन्त्रणका लागि प्रयोगशाला सेवाको स्तर बृद्धि उत्पादन र उत्पादकत्व बृद्धि गर्न गाई र भैसीमा कृतिम गर्भाधान सेवा सञ्चालन गरि उन्नत नश्लको विकास, पशुपालन क्षेत्रमा व्यवसायीकरण बजारको समुचित व्यवस्थापनबाट उत्पादन र आयआर्जन तर्फ उन्मुख बनाउन पशुपालनको पकेट क्षेत्रको विकास एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था एक वडा एक उत्पादनको व्यवस्था दुधको उत्पादन गरि स्वच्छ र स्वस्थकर दुग्धजन्य पदार्थ उत्पादन गर्ने कृषि र पशु सेवा तर्फको संघ तथा प्रदेश सरकारको सहयोगबाट पकेट क्षेत्र अन्तरगत विशेष कार्यक्रम सञ्चालन गर्ने र मध्यपहाडी लोकमार्ग करिडोर, दुग्ध उत्पादन तथा बाख्रापालन पकेट क्षेत्रको रुपमा वडा नं २ र ३ लाई बाख्रापालन पकेट क्षेत्रको रुपमा स्थापित गरि दुग्धजन्य तथा मासुजन्य आत्मनिर्भर नगरपालिका बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु। माथि उल्लेखित कार्यक्रमहरु सञ्चालनको लागि **पशु सेवा तर्फ नगरपालिकाबाट रु.३० लाख र शसर्त तर्फ रु.१० लाख गरि जम्मा रु. ४० लाख प्रस्ताव गरेको छु।**

५. नगरपालिका भित्रका साना उद्यमी, घरेलु उद्यमी, कुटी र उद्योगहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले उद्योग ग्राम गुरु योजना पारित गरिएको छ। लघु उद्यम कार्यक्रम MEDPA, तथा आर्थिक विकास शाखाबाट उद्यम तथा उद्यमीका लागि श्रोत, शिप र लगानीलाई ध्यानमा दिई कृषि उद्योग, पर्यटन, लघु, घरेलु तथा साना उद्यमको प्रवर्द्धन, रोजगारी एवम् स्वरोजगारीको श्रम अवसर निर्माण गर्न दक्षता अभिवृद्धि तथा प्रविधी हस्तान्तरण, वित्तीय सेवामा पहुँच र उद्यम विकास सहजकर्ता

परिचालनको माध्यमद्वारा देशभित्र तथा बाहिर प्रयोग भएको विदेशी श्रमलाई स्वरोजगारको अवसर सृजना गर्ने नीति अवलम्बन गरिएको छ। **लघु उद्यम तथा उद्योग कार्यक्रम लगायत आर्थिक विकास तर्फ नगरपालिकाबाट रु.१३ लाख र शसर्त अनुदानबाट रु. ३४ लाख गरि जम्मा रु. ४७ लाख प्रस्ताव गरेको छु।**

६. नगरपालिकाको कृषिमा आधारित कार्यक्रम, पशु सेवामा आधारित कार्यक्रम, उद्योग विकास कार्यक्रम, पर्यटन प्रवर्द्धन कार्यक्रम मार्फत विकास निर्माण, आयस्रोतमा अभिबृद्धि, रोजगारीको सृजना, आन्तरिक आयमा अभिबृद्धि, उत्पादनमा बृद्धि, ब्यवसायीकरण जस्ता महत्वपूर्ण गतिबिधी मार्फत आर्थिक विकासका सम्पूर्ण आयामहरुलाई परिचालित गरिने छ।

**आर्थिक विकास समिती तर्फ रु. ३ करोड ६ लाख ४४ हजार र वडा कार्यालयहरुबाट रु. १५ लाख २० हजार गरि जम्मा रु. ३ करोड २१ लाख ६४ हजार प्रस्ताव गरेको छु।**

## न्यायिक समिती तर्फ

१. नगरपालिका भित्र न्यायिक समितीको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण समस्याहरु मेलमिलापको नीतिद्वारा समाधान गर्न न्यायिक समितीको संरचनालाई व्यवस्थित गर्न तथा **न्यायिक कार्यसम्पादन गर्नको लागि रु. १० लाख प्रस्ताव गरेको छु।**

## मेयर उपमेयर कोष

१. हाम्रा प्रतिनिधी राम्रा रणनिती, नगरपालिकाका अत्यावश्यक पूर्वाधार मेयर उपमेयर कोषको न्यूनतम आधार भन्ने कार्यक्रमलाई साकार पुऱ्याउन कार्यविधी बमोजिम खर्च गर्ने गरि **मेयर उपमेयर कोषको लागि रु. ५० लाख प्रस्ताव गरेको छु।**

२. स्वास्थ्य सुधार तथा सेवा पहुँचको लागि बिस्तारित गरिने आयुर्वेद स्वास्थ्य केन्द्रलाई यस नगरपालिकाको उचित स्थानमा बिस्तार तथा स्थापना गर्न आवश्यक पर्ने व्यस्थापन तथा औषधी खरीद प्रकृयाको लागि समपुरक कोषबाट रु. ५ लाख प्रस्ताव गरेको छु। त्यसैगरि हाल जिल्ला भित्र विषालु सर्पले डसेको कारण अकालमै मृत्यु हुने तथा उपचारको लागि बाहिर जिल्ला जाने बाध्यात्मक परिस्थितीलाई कम गर्न स्वर्गद्वारी नगरपालिकाले प्यूठान जिल्लाकै लागि सर्प दंश उपचार केन्द्र स्थापना गर्न आवश्यक पर्ने पूर्वाधारको लागि समपूरक कोषबाट रु.५ लाख उपलब्ध गराउने प्रस्ताव गरेको छु।

## सार्वजनिक सेवा तथा क्षमता विकास समिती तर्फ

१. प्रशासनिक क्षेत्रलाई जनताप्रति उत्तरदायी बनाउन, मौजुदा जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्न, प्रशासनिक संरचनाहरुलाई समय सापेक्ष आधानुनिकरण गर्न, प्रविधीमैत्री गराउन, अनुगमन प्रणालीलाई प्रभावकारी तुल्याउन, आवश्यक जनशक्तिको थप व्यवस्थापन गर्न, प्रशासनिक

रुपमा काम गर्ने सेवा सुविधाहरुलाई सम्बोधन गर्न, प्रतिनिधीहरुको नियमानुसार उपलब्ध हुने भत्तालाई व्यवस्थापन गर्न र समग्र नगरपालिका तथा वडा कार्यालयहरुको प्रशासनिक सेवा मार्फत परिणाममुखी उपलब्धि प्राप्त गर्नको लागि सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ अनुसुची ३ बमोजिम चालु तथा प्रशासनिक खर्चको फाराम भरि रु. **११ करोड ४० लाख २४ हजार २ सय ४१ र वडा कार्यालयहरुबाट रु. ६ लाख ९७ हजार ८ सय गरि जम्मा रु.११ करोड ३२ लाख २ सय ४१ विनीयोजन गर्ने प्रस्ताव गरेको छु।**

**प्यूठान नगरपालिका विपद व्यवस्थापन, वातावरण तथा राजश्व परिचालन तर्फ**

१. प्यूठान नगरपालिकाको आन्तरिक राजश्वलाई बृद्धि गर्न कर प्रणालीलाई वैज्ञानिक ढंगले परिचालन गर्न, करका दायराहरुलाई फराकिलो बनाउन, राजश्वलाई सरल, शुलभ र व्यवसाय मैत्री बनाउन सफ्टवेयर मार्फत राजश्व चुहावटलाई व्यवस्थित गर्न राजश्व परिचालन तथा व्यवस्थापन तर्फ रु. ६ लाख ५० हजार, सुन्दर नगर सफा नगरलाई आत्मसात गर्दै बातावरण मैत्री कार्यक्रम सञ्चालन गर्नको लागि रु. १० लाख र विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनको लागि रु. ३५ लाख गरि जम्मा रु. **५१ लाख ५० हजार र वडा कार्यालयहरुबाट विपद व्यवस्थापनको लागि रु. २२ लाख ३६ हजार ४ सय गरि जम्मा रु.७३ लाख ८६ हजार ४ सय प्रस्ताव गरेको छु।**

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्य ज्यूहरु,**

मैले माथि प्रस्तुत गरेका कार्यक्रम तथा बजेट समृद्ध नगरपालिका बनाउनको लागि पर्याप्त देखिदैनन् तथापि प्राप्त बजेटको स्रोतको सीमाभित्र रहि आवश्यक ठानिएका कार्यक्रम तथा आयोजनाहरु सञ्चालनको लागि बस्तुपरक ढङ्गले प्रस्तुत गरेको छु। जसबाट अधिकतम सहभागिता जुटाइ प्रतिफल प्राप्त हुने अपेक्षा लिएको छु। घोषित कार्यक्रमहरुको दिगोपना, गुणस्तरियता तथा नगरबासीका चाहना अनुरुप विश्वसनीयतालाई प्रत्याभुत गर्दै प्रभावकारी कार्यान्वयनको लागि जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु, सम्बद्ध निकायहरु तथा सम्पूर्ण नगरबासीहरुको रचनात्मक सहयोगको अपेक्षा लिएको छु।यस कार्यक्रम तथा बजेट तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नगर प्रमुख, विभिनन् समितीहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरुलाई विशेष धन्यबाद प्रकट गर्दछु।

**धन्यबाद,**
**शान्ता आचार्य**
**नगर उप-प्रमुख**
**प्यूठान नगरपालिका**
**मितिः २०७८/३/१०**